# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्ड २ | संख्या ७ | मिति: २०७५/११/१२ |


## भाग २

## रावा बेसी गाउँपालिका

नेपालको संबिधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्बसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि– २०७५

प्रस्तावना

रावा बेसी गाउँपालिका क्षेत्र भित्रसंचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्‍याउन स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न तथा स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले रावा बेसी गाउँकार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "रावा बेसी गाँउपालिका व्यबसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि–२०७४" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) " कार्यालय" भन्नाले यस रावा बेसी गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ख) " शाखा " भन्नाले यस रावा बेसी गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

(ग) " वडा कार्यालय" भन्नाले यस रावा बेसी गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) " अध्यक्ष " भन्नाले यस रावा बेसी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(ङ) " उपाध्यक्ष " भन्नाले यस रावा बेसी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ ।

(च) " कार्यपालिका सदस्य" भन्नाले यस रावा बेसी गाउँपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(छ) " प्रमुख प्रशासकीय अधिकृत"भन्नाले यस रावा बेसी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ ।

(ज) " वडा समिति " भन्नाले यस रावा बेसी गाउँपालिकाको ६ वटै वडाका समितिहरु सम्झनु पर्नेछ ।

(झ) " व्यवसायी " भन्नाले यस रावा बेसी गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) " कार्यविधि" भन्नाले व्यवसाय" दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि– २०७५" सम्झनु पर्नेछ ।

३. क्षेत्रःयस रावा बेसी गाउँपालिकाक्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. विषयगत क्षेत्रःविषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन्।

(क) दैनिक उपभोग्य खाद्यन्न,थोक तथा खुद्रा पसल

(ख) होटल ब्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म ।

(छ) औषधि पसल ।आदि

रेश्म बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद– २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृयाः

(१) व्यवसाय दर्ता गर्नु पर्ने प्रत्येकः व्यवसायीले गाउँकार्यपालिकाको कार्यालयमा आ –आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नु पर्नेछ।

(२) सूचना प्रकाशन गरिनेः व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यम बाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नु पर्ने हाल संचालनमाः रहेका सम्पूर्ण व्यवसायीले ०७५चैत्र मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ साथै । नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरि सक्नु पर्नेछ ।

६.दर्ताका लागि आवश्यक कागजातहरुः

६.१.व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाँउकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र

७.प्रमाणपत्र सम्वन्धी व्यवस्थाः माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची– १ बमोजिमको ढाँचा माव्यवसाय दर्ताको प्रमाण-पत्र दिनेछ ।

८.व्यवसाय नवीकरण सम्वन्धी व्यवस्थाः प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण मसान्त सम्म आफ्नो व्यवसाय अनिवार्यरुपमा गाउँकार्यपालिका बाट नविकरण गरिसक्नु पर्नेछ । नविकरणका लागी देहायका प्रमाण पेश गर्नु पर्ने छ । व्यवसाय नवीकरण प्रमाणपत्र कार्यालयले ब्यबस्था गरे बमोजिम हुनेछ ।

(क) निवेदन

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कलै प्रती

(ग) सम्बन्धित व्यवसाय वा फमको स्थायी लेखा प्रमाण–पत्र नम्बर

(घ) कर चुक्ता प्रमाणपत्र

९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था ◦:

(१) व्यवसाय दर्ता र नविकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा अनुसूची–२ (क) मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता र नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद– ३

अनुगमन तथा कारबाही

१०.मूल्य सूची सम्वन्धी व्यवस्थाः- सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्य सूची राख्नु पर्नेछ ।

११.बजार अनुगमन सम्वन्धी व्यवस्थाः (१) गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित र प्रतिस्पर्धी बनाउन नियमित बजार अनुगमन गरिनेछ ।बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था "रावा बेसी गाँउकार्यपालिकाले पास गर्नेबजार अनुगमन निर्देशिका" बमोजिम हुनेछ ।

१२.दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्थाः "रावा बेसी गाँउकार्यपालिले पास गर्ने बजार अनुगमन निर्देशिका" मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोहि बमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा

(छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा

(ज) प्रचलित कानुनले निशेधित गरेको अन्य कार्य गरेको पाइएमा

१३.कारबाही र जरिवाना सम्वन्धी व्यवस्था ः

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ ः–

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. १०००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. २,०००।– |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु.५०००।- |
| (घ) गुणस्तरहीन सामागी्रहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा | रु.१००००।- |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | रु.१०००।- |
| (छ) प्रदुषित,फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु.५,०००।– |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

परिच्छेद– ४

विविध

१४.बाधा अड्काउ सम्वन्धी व्यवस्थाः

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

१५.विशेष व्यवस्थाः माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानु नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन,कानुन खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन्।

अनुसूची १

दफा(७)सँग सम्बन्धित

रावा बेसी गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरमटार ,खोटाङ

१ नं. प्रदेश, नेपाल

व्यवसाय दर्ता– प्रमाणपत्र

श्री..................................

.....................................

प्रस्तुत विषयमा तपाईलाई “रावा बेसी गाँउपालिका व्यबसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि–२०७५” को दफा ( ७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्न अनुरोध गरिन्छ ।

व्यवसायकोनाम

प्रकार

कुल स्थीर पुँजी

व्यवसाय संचालन गर्ने स्थान

प्रमाणपत्र जारी गर्नेको

सहीः

नामः

पदः

मितिः

कार्यालयको छाप

## अनुसूचि (२क)

दफा (९) सँग सम्बन्धित

| व्यवसाय कर र शुल्क (रुपैयामा) | | |
|---|---|---|
| मदिरा पसल | वितरक | ३००० |
| | थोक | २००० |
| | खुद्रा | ५०० |
| चुरोट बिडी सुर्ती जन्य | वितरक | २००० |
| | थोक | १५०० |
| | खुद्रा | २०० |
| हल्का पेय पदार्थ | वितरक | १५०० |
| | थोक | १००० |
| | खुद्रा | ५०० |
| सुन चाँदी पसल | वितरक | १५०० |
| | खुद्रा पसल र मर्मत | १००० |
| औषधी पसल | थोक | ३००० |
| | खुद्रा (डाक्टर भएको) | २००० |
| | खुद्रा (डाक्टर नभएको) | १००० |
| माछामासु बिक्री पसल | | १००० |
| आयुर्बेदिक औषधी पसल | | ५०० |
| एग्रोभेट पसल | थोक | २००० |
| | खुद्रा | २०० |
| स्टेशनरी तथा पुस्तक पसल | थोक | १५०० |
| | खुद्रा | ५०० |
| छपाइ तथा प्रकाशन | अफसेटप्रेस | २००० |
| | साधारण प्रेस | ५०० |
| कस्मेटिक पसल | | ५०० |
| मोटर पार्टस | थोक | २००० |
| | खुद्रा | ५०० |
| प्लाइ तथा ग्लास | थोक | १००० |
| | खुद्रा | ५०० |
| कपडा,फेन्सी, जुत्ता, चप्पल, ब्याग पसल | थोक | १००० |
| | खुद्रा | ५०० |
| धागो टाँक पसल | थोक | १००० |
| | खुद्रा | १०० |
| इलेक्ट्रोनिक पसल मोबाईल,घडी, क्यालकुलेटर, अडियि भिडियो आदी | बितरक | ३००० |
| | थोक | १५०० |
| | खुद्रा | १००० |
| हार्वेयर मेसिनरि तथा सेनिटरि मार्बल पसल | थोक | २००० |
| | खुद्रा | १००० |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० |
| | पेट्रोल बिक्री केन्द्र | ३००० |
| | ग्यास सिलिण्डर सब डिलर | ३००० |
| | मट्टितेल मात्र बिक्रि केन्द्र | २०० |
| स्टिल, आल्मुनियम पसल | थोक | १००० |
| | खुद्रा | ५०० |
| फर्निचर पसल | थोक | १००० |

| | | |
|---|---|---|
| | खुद्रा | ५०० |
| ढुङ्गा तथा गिटि बालुवा | बिक्री वितरण | १००० |
| कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | २०० |
| | हाते मेसिन | १०० |
| स्नुकर तथा पुल हाउस | | १००० |
| क्यारामबोर्ड | | २०० |
| पशु आहार बिक्रि केन्द्र | | २०० |
| किराना पसल | थोक | १००० |
| | खुद्रा | २०० |
| फलफुल तथा तरकारि पसल | थोक | ५०० |
| | खुद्रा | २०० |
| उपहार गिफ्टर खेलौना पसल | थोक | ५०० |
| | खुद्रा | २०० |
| भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम सबै) | थोक | १००० |
| | खुद्रा | ५०० |
| माटोका भाँडा पसल | थोक,खुद्रा | १०० |
| विशेषज्ञ परामर्शथ तथा अन्य ब्यबसायी सेवा | चिकित्सक | २००० |
| | कन्सल्टेण्ट सेवा (ईन्जिनियरिङ) | २००० |
| | कानुन ब्यबसायी (ल फर्म) | २००० |
| | लेखापरीक्षण ब्यबसायी | २००० |
| | दन्त चिकित्सक | २००० |
| | अनुसन्धान कर्ता परामर्स दाता | २००० |
| | पशु चिकित्सक डाक्टर | २००० |
| | रोजगार सेवा | ३००० |
| ढुवानी तथा ट्रान्सपोर्ट | | १००० |
| पेन्टर, साईनबोर्ड लेख्ने | | १०० |
| खोटो ब्यबसायी | | १००० |
| जग्गा ब्यबसायी | | २००० |
| निर्माण ब्यबसायी | | २००० |
| यस बर्गिकरणमा नपरेका ब्यबसायको हकमा | | ५०० |
| **उत्पादनमुलक उद्योग** | | |
| ग्रिल उद्योग | | १००० |
| जुत्ता उद्योग | | ५०० |
| घरेलुकुटिर उद्योग, अगरबत्ति, मैन बत्ति टिकि,अचार,तथा अन्य कुटिर | | १०० |
| कपडा तथा गार्मेन्ट उद्योग | | १००० |
| सिरक डसना उद्योग पसल | | ५०० |
| कुटानी पेलानी मिल | | ५०० |
| मसला मिल | | ५०० |
| यदि मसला मिल रहेको मिलबाटै कुटानी पिसानी पेलानी मिल पनि परेको छ भने कुटानी पेलानी मिल कै बयबसाय कर लाग्ने छ। | | |
| डेरी उद्योग/ ब्यबसाय | | ५०० |
| उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज, नुडल्स | ५०० |
| | दामोठ, पाउरोटी , चाउमिन | २०० |
| | पापड चिप्स फिगर | २०० |
| वन जन्य उद्योग | समिल, प्लाईउड उद्योग | २००० |
| | काठ बिक्रि डिपो | ५०० |

बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| क्रसर, कंक्रिट, ईटाभट्टा उद्योग | | ५००० |
| ढाकाटोपी पस्मिना उद्योग | | १०० |
| सुर्ति जन्य उद्योग | | ५००० |
| होटल लज रेष्टुरेन्ट | होटल र लज | १००० |
| | भोजनालय | ५०० |
| | मठाई पसल | ५०० |
| | पाटी प्यालेस | २५०० |
| | रेष्टुरेन्ट -वार | २००० |
| | चिया र खाजा पसल | २०० |
| | साना,खाजा,नास्ता (मदिरा समेत) | १००० |
| टेन्टहाउस | | २००० |
| | **सेवा उद्योग** | |
| सञ्चार | एफ. एम. प्रसारण | २००० |
| | केबुल च्यानल प्रसारण | २००० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | फोटोकपी, पी.सि.ओ.साइवर तथा क्याफे | ५०० |
| | कुरियर सेवा | १००० |
| | कलर ल्याब, फोटो स्टुडियो | ५०० |
| बितिय | बाणिज्य बैक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५००० |
| | विकास बैक प्रति शाखा/ केन्द्रिय कार्यालय | ४००० |
| | फाईनान्स कम्पनी शाखा कार्यालय | ३००० |
| | बितिय / ऋण सहकारी संस्था | १५०० |
| | मनि ट्रान्फर | ५०० |
| | बिमा कम्पनी | २००० |
| | लघु बित्त | १००० |
| स्वास्थ्य सेवा ब्यबसाय | निजि अस्पताल तथा नर्सिङ होम | २५०० |
| | क्लिनिक तथा ल्याब | १००० |
| | चस्मा पसल | ५०० |
| शिक्षा सेवा निजी | क्याम्पस | २००० |
| | मा बि / उच्च मा बि | १५०० |
| | मा बि | १००० |
| | आधारभुत | १००० |
| | प्राथामिक | १००० |
| | छात्रावास | १००० |
| | मन्टेश्वरी | १००० |
| | पुर्व प्राथामिक | ८०० |
| | ट्युसन सेन्टर | १५०० |
| | कम्प्युटर / नृत्यकला सिकाई केन्द्र | १००० |
| | तालिम तथा अनुसन्धान केन्द्र | १००० |
| मर्मत सम्भार | टायर ट्युव मर्मत रिसोलिङ हावा भर्ने | २०० |
| | ईन्जिन मर्मत | १५०० |
| | डेन्टिङ पेण्टिङ | १५०० |
| | टि.भि. फ्रिज, मोटर पङ्खा रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाईल (ईलेक्ट्रोनिक) | १००० |

| | | |
|---|---|---|
| | मोटरसाईकल मर्मत | ५०० |
| | बस ट्याक्सि लगायतका सवारी साधन मर्मत | २००० |
| | अन्य बिबिध मर्मत | ५०० |
| ड्राईक्लिनिक ब्युटीपार्लर तथा सैलुन | | १००० |
| फूल बिरुवा पसल | | ५०० |
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १००० |
| | अन्तराष्ट्रिय | ५००० |
| सवारी साधन कर | बस ट्रक ट्याक्टरर हेभि गाडी | २००० |
| | भाडाका कार जिप | १००० |
| | निजि कार जिप मयुरी | ५०० |
| | स्कुटर, मोटरसाईकल तथा सवारी साधन | २०० |
| | ठेलागाढा तथा रिक्सा | ५०० |
| | पटके सवारी कर | ५० |
| मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २% |
| | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० |
| जडिबुटी जिब जन्तु कर | | पछी निर्णय गरिने |
| बहाल बिरौटी कर | टहरो छाप्रोको | मासिक ५० |
| | घुम्ति | मासिक ५० |
| | ठेला | मासिक ५० |
| | | |

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

दफा ६ सँग सम्बन्धित

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
रावा बेसी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय

विषयः व्यवसाय दर्ता गरी पाँऊ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशीलअनुसारको व्यवसाय संचालनकगर्नरहेकालेइच्छु नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नामः ..........................................................................

व्यवसायको प्रकारः ..........................................................................

कुल स्थीर पुँजीः..................................................

व्यवसाय संचालन गर्ने स्थानः........................................................

संलग्न कागजातहरु

(१) हालसालै खिचेकोप्रति२ फोटो
(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी
(३) वडा कार्यालयको सिफारिस
(४) व्यवसाय संचालन हुनेग्गाकोज जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
(५) अर्काको नाममा जग्गा भएव्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।
(७) स्थानीय उद्योग वाणिज्य संघको सिफारिसपत्र

निवेदक

नामः
ठेगानाः
मितिः

प्रमाणिकरण मितिः २०७५/११/१२

.............................................................

आज्ञाले
रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत